प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं ३,हेटौडा,मकवानपुर, नेपाल

# नव आविस्कार/नवप्रवर्तन प्रविधि विकासमा सामग्री तथा अनुसन्धान र वैज्ञानिक अन्वेषण प्रयोगशालाको प्रयोजनका उपकरण तथा मेशिन औजार सहयोग

## कार्यक्षेत्रगत शर्तहरु

परिचय:

**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं ३ ले आव २०७६।७७ को विज्ञान प्रविधि तथा नव प्रवर्तन कार्यक्रम** अन्तरगत नव आविस्कार/नवप्रवर्तन प्रविधि विकासमा सामग्री तथा अनुसन्धान र वैज्ञानिक अन्वेषण प्रयोगशालाको प्रयोजनका उपकरण तथा मेशिन औजार सहयोग गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक व्यक्ति वा संस्थाले सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफुले गर्न चाहेको योजनाको प्रस्ताव(५ पेज नवढने गरी)सहित निवेदन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं ३,हेटौडा, मकवानपुर, नेपालमा दर्ता गराउनुपर्नेछ र प्रस्तावको ढाँचा तल उल्लेख भए वमोजिम हुनुपर्नेछ ।साथै छनौटमा परेका प्रस्तावकहरुलाई मात्र अघिल्लो चरणमा सम्पर्क गरिनेछ ।यस कार्यक्रममा ४० वर्ष ननाघेका युवा अनुसन्धानकर्तालाई विशेष प्राथमिकता दिईनेछ ।

प्रस्तावको ढाँचा:

निवेदकहरुले आफुले गर्ने कार्यको प्रस्तावको ढाँचा निम्न अनुसार हुन पर्नेछ। अन्यथा प्रस्ताव स्वत: खारेज हुनेछ।

१) आवरण पृष्ठ

आवरण पृष्ठमा आफुले गर्ने कार्यको शिर्षक, निवेदकको नाम, ठेगाना र सम्पर्क नम्वर स्पष्ट उल्लेख हुनु पर्नेछ। प्रस्तावको शिर्षक स्पष्ट, संक्षिप्त र आफुले गर्ने कार्यको प्रतिनिधित्व गर्ने खालको हुनु पर्नेछ र सुपरिवेक्षकको सिफारिस संलग्न गर्नुपर्नेछ।

२) सार (**Abstract**):

आफूले गर्ने कार्यको लक्ष्य सहित प्रमुख गतिविधिहरु र प्रस्तावित अनुसन्धानको अपेक्षित परिणामहरुको संक्षिप्त र स्पष्ट सारांश ।

३) परिचय (**Introduction**)

निम्न लिखित बुंदाहरु हुनु पर्नेछ ।

- **अनुसन्धान सम्वन्धी पृष्ठभुमि:** अनुसन्धानमा समस्या सम्वन्धि पृष्ठभुमि (Background of Problem) उल्लेख गर्नुपर्नेछ ।
- **अनुसन्धानको पुष्ट्याइ:** आम नेपालीहरुलाई अनुसन्धानले पुऱ्याउने फाईदा र योगदान सम्वन्धि उल्लेख गर्नु पर्नेछ ।
- लाभान्वित वर्गहरु:
- अनुसन्धान सम्वन्धि समस्या (**Research Problem**): समस्याहरुको विवरण र परियोजनाको आवश्यकताको औचित्य बारेमा उल्लेख गर्नु पर्नेछ ।



शाखा प्रमुख

- अनुसन्धानको लक्ष्य (Research Objectives): अनुसन्धानको लक्ष्यहरु बुँदागत रुपमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

सामाग्री र विधि (**Materials and Method**):

आफुले गर्ने कार्यको बिस्तृत कार्यविधि, आवश्यक सामाग्रीहरु जस्तै उपकरण, मेसिन, सफ्टवेयर र त्यसको लागि चाहिने बजेट बिस्तृत रुपमा उल्लेख गर्नु पर्नेछ । बजेट सम्वन्धि खण्डिकरण निम्न अनुसार हुनु पर्नेछ । साधारण वजारभाउ र लाग्ने लागत अनुरुप तथ्यपरक बजेट नभएमा त्यस्ता प्रस्तावहरु रद्द हुनेछन ।

| क.स. | खर्चको विवरण | अनुमानित रकम (रु.) |
|---|---|---|
| १. | आवश्यक उपकरण (Instrument) तथा खरिद खर्च | |
| २. | आवश्यक मेसिनरी (Machinery & Tools) तथा खरिद खर्च | |
| ३. | निर्माण सामाग्री (Construction Material) तथा खरिद खर्च | |
| ४. | परिक्षण (Testing) गर्नु पर्ने भए त्यसको खर्च | |
| | जम्मा (Total) रकम | |

अनुसन्धान योजना

आफ्नो अनुसन्धानको प्रमुख क्रियाकलापहरु (Activities) लाई सिलसिलेवार तरिकाले बुँदागत रुपमा उल्लेख गरि त्यसको समयावधि तोक्नु पर्नेछ । त्यसकारण प्रस्तावकहरुको उक्त समयावधि भित्र आफुले प्रस्ताव गरेको कार्य सम्पन्न गर्नु पर्नेछ ।

अनुसन्धानका प्रतिफलहरु तथा निष्कर्श (**Anticipated Results and Conclusion**):

प्रस्तावित अनुसन्धानको अपेक्षित परिमाण र निस्कर्ष उल्लेख गर्नुपर्नेछ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. नेपाली नागरीकताको प्रमाणित फोटोकपी
२. हालसालै अद्यावधिक गरिएको सि.भि. / संस्थाको profile
३. शैक्षिक योग्यता खुल्ने प्रमाणित फोटोकपी
४. सुपरिवेक्षकको सि.भि

महाशाखा प्रमुख